# टीकापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### टीकापुर, कैलाली

***आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु सञ्चालनका लागि सामग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना***

(कार्यालयमा प्रथम पटक प्रकाशित मिति: (२०७७।१२।१०)

यस कार्यालय अन्तर्गतका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु सञ्चालनका लागि अत्यावश्यक फर्निचर तथा कम्प्युटर, प्रिन्टर लगायतका विद्युतिय सामग्री खरिद गर्नु पर्ने भएकोले इच्छुक ईजाजत प्राप्त कम्पनी, फर्म तथा आपूर्तिकर्ताहरुबाट देहायका शर्तका अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फारामहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु १,०००।- (अक्षरेपी एक हजार मात्र, पछि फिर्ता नहुने) तिरी प्राप्त गरेको रसिद, आ.व.०७७/७८ का लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र, आ.व.२०७६।०७७ सम्मको कर चुक्ताको प्रमाण, र मु.अ.कर दर्ता प्रमाणपत्र प्रतिलिपि, खरीद कारर्वाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयं उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयबाट दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरिद गर्न सक्नेछन्, र १६ औं दिनको १२:०० बजे भित्र टीकापुर नगर कार्यपालिकाको कार्यालय कैलालीमा सिलबन्दी दरभाउपत्र दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजेदेखि सरकारी कार्यालयका प्रतिनिधिहरु, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा टीकापुर नगरकार्यपालिकाको कार्यालय कैलालीमा खोलिनेछ।

२. दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. सिलवन्दी दरभाउ-पत्र साथ धरौटी वापतको रकम टीकापुर नगरपालिका, टीकापुर नगरकार्यपालिकाको कार्यालय टीकापुरको नाममा नेपाल बैंक लिमिटेड, टीकापुरमा रहेको हि.न. धरौटी नं. १०७०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको बैकं भौचर वा यस कार्यालयको नाममा जारी गरीएको दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ९० (नब्बे दिन) दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त वाणिज्य वैकंबाट जारी भएको वैकं ग्यारेन्टी (विड बण्ड) को सक्कलै प्रति पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र बिक्रि गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै कार्यालय खोलिने दिनमा उक्त कार्य हुनेछ।

५. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

६. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक, स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. यस सम्बन्धि विस्तृत जानकारीको लागि दरभाउपत्र फाराम (Bid Document), अध्ययन गर्न हुन र थप बुझ्न आवश्यक भएमा यस कार्यालयको जनस्वास्थ्य प्रर्वद्धन उपशाखा वा फोन नं. ०९१-५६०१२२ ,०९१-५६०७९३ मा सम्पर्क गर्न सकिने छ।

८. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

**तपसिल:**

| सि.नं. | ठेक्का सूचना नं. | विवरण | धरौटी रकम |
|---|---|---|---|
| १. | ३२ -०७७/७८ | फर्निचर लगायत कार्यालय सामग्री खरिद | २२४००।०० |
| २. | ३३ -०७७/७८ | कम्प्युटर, प्रिन्टर लगायतका विद्युतिय सामग्री खरिद | ४५५००।०० |

..........................

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत